बिर्तामोड नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बिर्तामोड नगर अस्पताल

बिर्तामोड, झापा

## औषधि तथा औषधीजन्य मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

समितिको ठेक्काको सूचना नं. ३८

प्रथम पटक प्रकाशित मितिः-२०७९/०२/११

यस अस्पताललाई आ.व. ०७८/७९ को लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट देहायका शर्तहरुका अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिन्छ ।

शर्तहरुः-

(०१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन सम्ममा दरभाउपत्र फाराम यस अस्पतालको स्टोर शाखाबाट रु १,०००/- अक्षरेपी एक हजार मात्र (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ ।

(०२) दरभाउपत्र खरिद गर्दा आधिकारिक निवेदन साथ निम्न कागजात संलग्न हुनुपर्नेछ ।

(क) औषधी व्यवस्था विभागबाट प्राप्त, नविकरण सहितको इजाजत पत्रको प्रमाणित प्रतिलिपी ।

(ख) मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) आ.व.०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

(घ) प्रोपाईटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मन्जुरीनामा ।

(ङ) संलग्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट अनिवार्य रुपमा गराई आएको हुनुपर्नेछ ।

(०३) खरिद गरिएका दरभाउपत्र १६औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

(०४) रितपुर्वक पेश भएका सिलबन्दी दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको ०२:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहबरमा बिर्तामोड नगरपालिकाको कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

(०५) रित नपुगेको र म्याद नाघि आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

(०६) दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

(०७) दरभाउपत्रदाताले धरौटी वापतको रु ६०,०००/-(साठी हजार मात्र) बिर्तामोड नगरपालिकाको एन.आई.सि. एशिया बैंक लि., बिर्ताबजार मा रहेको धरौटी खाता नं. 246CA500188700002 मा नगद जम्मा गरेको

विनोद कुमार चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारि गरेको कम्तिमा ७६ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्दछ ।

(०८) दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिईनेछ ।

(०९) पेश भएका सिलबन्दी दरभाउपत्र आंशिक रुपमा, आइटमवाइज रुपमा, पुर्णरुपमा स्विकृत गर्ने वा रद्द गर्ने अधिकार यस समितिमा निहित रहनेछ ।

(१०) खरिद गरिने औषधि तथा औषधिजन्य सामानको प्रयोग गर्ने अवधि बिर्तामोड नगर अस्पतालको भण्डारमा दाखिला हुँदाको बखतमा २ वर्ष भन्दा बढी सेल्फ लाईफ हुनेको हकमा बाँकि सेल्फ लाईफ कम्तिमा ५-६ हुनुपर्नेछ, २ वर्ष सम्म सेल्फ लाईफ हुनेको हकमा बाँकि सेल्फ लाईफ कम्तिमा १८ महिना हुनु पर्नेछ साथै १८ महिना वा सो भन्दा कम सेल्फ लाईफ हुने औषधीको हकमा कम्तिमा पनि सेलफ लाईफ ८० % बाँकि रहेको हुने पर्नेछ ।

(११) दरभाउपत्रदाताले आफुले दिन चाहेको औषधि तथा औषधिजन्य सामानको उत्पादक कम्पनिको नाम र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

(१२) दरभाउपत्रदाताले सप्लाई गर्ने औषधि WHO GMP मान्यता प्राप्त कम्पनिको उत्पादन हुनुपर्नेछ ।

(१३) दरभाउपत्रमा उल्लेखितऔषधि तथा औषधिजन्य मालसामानको परिमाण कार्यालयले आवस्यकता अनुसार थपघट गर्न सक्नेछ, थपघट भएता पनि दरभाउपत्रदाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन ।

(१४) दरभाउपत्रदाताले सप्लाई गर्ने औषधि तथा औषधिजन्य सामानहरु संलग्न स्पेसिफिकेसन फाराम अनुसारको हुनुपर्नेछ ।

(१५) दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नुपर्ने र सोही फारामको प्रत्येक पानामा दरभाउपत्रदाताले फर्म वा कम्पनिको छाप र दस्तखत गरी पेश गर्नुपर्ने छ ।

(१६) एउटा फर्म वा कम्पनिले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनिले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाईएमा निजको दरभाउपत्र अमान्य हुनेछ ।

(१७) आफुले सप्लाई गर्ने प्रत्येक औषधी, औषधी व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ । औषधिको प्याकिङ्ग(स्ट्रीप, बोटल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्पायरी मिति, ब्याच नं., उत्पादक कम्पनिको नाम स्पष्ट संग उल्लेख भएको हुनुपर्नेछ ।

(१८) सप्लाई हुने सबै झोल तथा पाउडर औषधिहरु प्लाष्टिक बोटलमा प्याकिङ्ग भएको हुनु पर्नेछ ।

(१९) दरभाउपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्नेछ ।

(२०) कार्यालयले थप परिमाणमा औषधि तथा औषधिजन्य मालसामान लिन चाहेमा BOQमा उल्लेख भएको दर-रेट अनुसार नै उपलब्ध गराउनु पर्नेछ, बिचमा मूल्यवृद्धी वा अन्य कुनै कारण देखाई औषधिको दररेटमा थप रकम दावि गर्न पाईने छैन ।

विनोद कुमार
प्रमुख

(२१) यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य आवस्यक कुराहरु बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं. ०२३-५४०४८८ मा कार्यालय समय भित्र टेलिफोन गरि वा कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई बुझ्न सकिने छ ।

| विवरण | लागत अनुमान अंक | धरौटी | कैफियत |
|---|---|---|---|
| स्वास्थ्य बिमा अन्तर्गतका औषधी तथा औषधी जन्य मालसामान खरिद | १९,९९,९९९।७८ | ६०,०००/- | |

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner